त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

# B.Sc. भर्ना २०८० का लागि आवेदन फाराम भर्नेसम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा वार्षिक परीक्षा प्रणाली अनुसार पठनपाठन हुने विज्ञानतर्फ चार वर्षे स्नातक तह (B.Sc.) २०८०मा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त निम्नानुसारको प्रवेश परीक्षा कार्यक्रम प्रकाशित गरिएको छ । आवेदन अनलाइन माध्यमबाट निम्नानुसारले गर्नुपर्ने छ ।

**१ प्रवेशका लागि न्यूनतम योग्यता :**

(क) माध्यमिक शिक्षा १०+२ (विज्ञान) वा प्रविणता प्रमाणपत्र तह (I.Sc.) वा सो सरहको परीक्षामा कम्तीमा १०० पूर्णाङ्कको अङ्ग्रेजी विषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(अ) Biological Group मा अध्ययन गर्न चाहनेका लागि **रसायनशास्त्र र बायोलोजी** विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तिमा दोस्रो श्रेणी वा **प्रत्येक विषयको**, **Final Grade C ल्याई उतीर्ण भएको हुनुपर्नेछ** । अन्य विषयहरु उत्तीर्ण भई कम्तिमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) Physical Group मा अध्ययन गर्न चाहनेका लागि **भौतिकशास्त्र र गणित** विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तीमा दोस्रो श्रेणी वा प्रत्येक विषयको **Final Grade C ल्याई उतीर्ण** भएको हुनुपर्नेछ । अन्य विषयहरु उत्तीर्ण भई कम्तिमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) A Level अध्ययन गर्नेको हकमा प्रत्येक विषयमा कम्तीमा E ग्रेड ल्याई उर्तीण हुनुपर्नेछ ।

(ग) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेस गर्नुपर्ने छ ।

**२. आवेदन प्रक्रिया (Completely Online) :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https://iost.tu.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फाराम आवेदक स्वयम्ले भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्नेछ ।

(ख) Website मा Online फाराम **२०८०।०५।१२ गते मङ्गलबार बिहान १०:०० बजे देखि मिति २०८०।०६।७ गते आइतबारसम्म** उपलब्ध हुनेछ । तसर्थ उक्त अवधिभित्र कुनै पनि समयमा परीक्षा फाराम भरिसक्न सुचित गरिन्छ । तोकिएको समय पश्चात Online फाराम स्वत: बन्द हुनेछ ।

(ग) आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिनेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

(घ) प्रवेश परीक्षा शुल्क वापतको रकम रु.१,०००।- (अक्षेरुपी एक हजार मात्र) नेपाल भित्रको ग्लोबल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ । साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Website मा दिइएको App तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ । Online फाराम भर्दा बैंकको भौंचर नम्वर वा Transaction ID number अनिवार्य रुपमा भर्नुपर्नेछ । **परीक्षा शुल्क वापत बुझाएको रकम फिर्ता हुनेछैन ।**

(ङ.) दोब्वर दस्तुर तिरी २०८०।०६।८ गतेदेखि २०८०।०६।१२ गते शुक्रबारसम्म अनलाइन मार्फत फाराम भर्न सकिनेछ ।

(च) आवेदकले फाराम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरू तथा Upload गर्नुपर्ने सामग्रीहरू सहित Submit गर्नुपर्नेछ । आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिट, समकक्षता प्रमाणपत्र, आवेदकको हस्ताक्षर (कालो मसी प्रयोग गर्ने) तथा MRP Standard फोटो लगायतका सामग्रीहरू तयार गरेपछि मात्र फाराम भर्न सूचित गरिन्छ । धमिलो, **पढ्न नसकिने डकुमेन्ट प्राप्त भएमा फाराम स्वीकृत हुनेछैन ।**

(छ) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ । यसमा उपलब्ध जानकारीले पछि प्रवेशपत्र निकाल्न सजिलो हुन्छ ।

(ज) मिति २०८०।०६।१६ गते मङ्गलबारदेखि Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराइनेछ । उक्त प्रवेश पत्र Download गरी Color Print गर्नुपर्नेछ । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्रसहित तोकिएको केन्द्रमा जानुपर्नेछ । प्रवेश पत्रका साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा पछिल्लो शैक्षिक तहको प्रवेश पत्र) पनि ल्याउनुपर्नेछ ।

३. **Online फारम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने स्थान रोज्नुपर्नेछ । ती निम्न हुनेछन् ।**

| | | | | |
|---|---|---|---|---|
| (क) काठमाडौं उपत्यका | (ख) भद्रपुर | (ग) दमक | (घ) सुकुना | (ङ) धनकुटा |
| (च) विराटनगर | (छ) धरान | (ज) सिराहा | (झ) लाहान | (ञ) राजविराज |
| (ट) जनकपुर | (ठ) वीरगञ्ज | (ड) हेटौंडा | (ढ) भरतपुर | (ण) पोखरा |
| (त) बागलुङ | (थ) बुटवल | (द) भैरहवा | (ध) पाल्पा | (न) दाङ |
| (प) नेपालगञ्ज | (फ) धनगडी | (ब) महेन्द्रनगर | | |

**नोटः यसरी परीक्षा दिने स्थान चयन गर्दा कुनै स्थानमा २० जना परीक्षार्थी भन्दा कमको आवेदन परेमा त्यस स्थानका परीक्षार्थीहरुलाई नजिकैको परीक्षा स्थानमा परीक्षा केन्द्र कायम गरिनेछ ।**

४. **प्रवेश परीक्षा हुने मिति र समय :** २०८०।०६।२० गते शनिबार दिनको १२:०० बजे

५. **परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

६. विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत चारवर्षे स्नातक तह (**B.Sc.**) कार्यक्रम सञ्चालन हुने क्याम्पसहरुको विवरण https://iost.tu.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

**७. प्रवेश परीक्षासम्वन्धी थप जानकारी :**

(क) Physical र Biological समुहका लागि Common प्रश्न हुनेछ । प्रवेश परीक्षाको अङ्कभार १०० पूर्णांकको हुनेछ । जसमा ११ र १२ / I.Sc. वा सो सरहको पाठ्यक्रमको आधारमा निम्न विषयका Objective/Multiple Choice प्रश्नहरु हुनेछन् ।

| | Group A | Group B | Group D |
|---|---|---|---|
| Marks | 40 | 40 | 20 |
| Subject | Chemistry or Physics | Biology or Mathematics | English Aptitude test |
| Curriculum | Class 11& 12 | Class 11 & 12 | Class 11 & 12 |

प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अङ्क प्राप्त गरेमा प्रवेश परीक्षामा रसायनशास्त्र/भौतिकशास्त्र विषयमा प्राप्त गरेको अङ्कका आधारमा योग्यता सूची तयार (Placement) गरिनेछ । त्यहाँ पनि बराबर अङ्क भएमा क्रमश: गणित/बायोलोजी र अङ्ग्रेजी विषयमा प्राप्त गरेको अङ्कलाई आधार बनाइनेछ । यी सबैमा बराबर अङ्क भएको अवस्थामा क्रमश: तल्लो शैक्षिक तहलाई आधार बनाइनेछ । यी आधारबाट प्राप्त अङ्कहरु प्रकाशित हुने छैनन् ।

(ख) प्रवेश परीक्षाको अवधि २ घण्टाको हुनेछ ।

(ग) प्रवेश परीक्षा उतीर्ण हुन पूर्णाङ्कको ३० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ ।

**८. भर्ना** : नजिता पश्चात हरेक परीक्षार्थीले आ-आफ्नो Score Sheet Download गर्नुपर्नेछ र भर्ना हुन चाहेको कलेजमा सम्पर्क राख्नुपर्नेछ ।

**९. समावेशी कोटा सम्बन्धमा** : क्याम्पस/कलेजहरुले 'त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४' बमोजिम समावेशी कोटाको आधारमा भर्ना गर्नुपर्नेछ ।

**१०. छात्रवृत्तिः** त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान छात्रवृत्ति सम्बन्धी कार्य निर्देशिका २०७९ ले तोकेबमोजिम हुनेछ ।

**पुनश्चः** मान्यता प्राप्त शिक्षण संस्था वा माध्यमिक विद्यालयबाट विज्ञान विषय लिई कक्षा १२ वा सो सरहको परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण Non Graded (NG) भई ग्रेड सुधारका लागि परीक्षा दिई नतिजा प्रकाशित हुन बाँकी रहेका परीक्षार्थीहरुले समेत आवेदन दिन तथा प्रवेश परीक्षामा सामेल हुन पाउनेछन् । त्यस्ता परीक्षार्थीले नियमित भर्नाको अन्तिम मितिसम्म तोकिएको न्यूनतम योग्यता पूरा गर्न नसकेमा भर्ना हुन पाउनेछैनन् ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

**मिति : २०८०।०५।८**

**सहायक डीन**